# औषधिको मूल्य खोइ ?

■ कृष्ण आचार्य

काठमाडौं- दाल, चामललगायत दैनिक उपभोग्य वस्तुको अधिकतम मूल्य (एमआरपी) तोक्ने सरकारले जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको औषधिलाई भने वेवास्ता गरेको छ । वजारमा १३ हजार थरी औषधि उपलव्ध भए पनि पाँच थरीका २१ प्रकारका औषधिको मात्र अधिकतम मूल्य तोकिएको छ । केही औषधि उद्योगले सर्वसाधारणसँग चार गुणा वढीसम्म रकम असुलेको गुनासो आइरहे पनि यसमा सरकारको ध्यान गएको छैन ।

२०५२ मा मूल्य तोकिएका पाँच थरीका २१ प्रकारका औषधिवाहेक अन्य औषधिको मूल्य उद्योगले आफूखुसी तय गरेका छन् । सरकारले पारासिटामोल, जुकाको औषधि, स्लाइनपानी र जीवनजलको मात्र अधिकतम मूल्य तोकेको हो । औषधि व्यवस्था विभागले मूल्य तोक्न पाउने कानुनी व्यवस्था छ ।

'मूल्य तोकेको अधिकांश औषधि सरकारी संस्थाले निःशुल्क वाँड्ने अन्तर्गतका छन्,' उपभोक्ता मञ्चका केन्द्रीय सदस्य वावुराम हुमागाईंले भने, 'तोकिएका औषधिको मूल्यदर पनि वस्तुगत र वैज्ञानिक छैन ।'

उनका अनुसार मूल्य तोकेको औषधि वजार र उत्पादन मूल्यभन्दा वढी छ । 'मूल्य नतोकिंदा उद्योग र औषधि पसलेले मनपरी शुल्क लिने गरेका छन्,' उनले भने, यसमा उद्योगीको कुनै प्रभाव वा प्रलोभनमा विभाग परेको हुन सक्छ ।' विभागका अनुसार औषधि उत्पादन गर्ने स्वदेशी तथा विदेशी उद्योगको संख्या करिव पाँच सय छ । विदेशी उद्योगका औषधिको वर्चस्व नेपालमा छ ।

सरकारले मूल्य निर्धारण नगरेकाले डाक्टर र खुद्रा तथा थोक विक्रेतालाई मोटो रकम कमिसन दिन मनपरी शुल्क निर्धारण गरेको स्रोतको दावी छ । 'त्यो काम विक्री प्रतिनिधि (एमआर) ले गर्छन् । औषधिमा वढाइएको शुल्क विक्रेता र डक्टरले पाउँछन्,' स्रोतले भन्यो, 'आफ्नो कम्पनीको औषधि विक्री गरिदिन र डक्टरलाई प्रेस्क्रिप्सनमा कम्पनीको नाम लेखिदिन कमिसन दिनुपर्ने हुन्छ । त्यो कमिसनको मूल्य औषधिमा वढाउँछन् । मूल्य वढाउन सरकारले छाडा छोडेको छ ।'

औषधिको मूल्यमा मनपरी र कमिसन वढी भएकाले राजधानीका ठूला अस्पताल अगाडिका औषधि पसलको भाडा अत्यन्त वढी छ । नाम चलेका सरकारी तथा निजी औषधि पसलको भाडा मासिक दुईदेखि दस लाख रुपैयाँसम्म छ । 'त्यो भाडा औषधि नै वेचेर तिर्ने हो,' स्रोतले भन्यो, 'औषधिमा धेरै कमिसन नभए कहाँवाट ल्याएर तिरिन्छ ?' सरकारको वेवास्ता र खुला वजारको फाइदा उठाउँदै औषधि पसल र उद्योगीले कहिलेकाहीं चार सय प्रतिशतसम्म औषधिको मूल्य वढाउने गरेको उनले दावी गरे ।



कृष्णगोपाल

औषधि ऐन २०३५ को दफा २६ अनुसार आवश्यक परेमा मूल्य निर्धारण समितिको वैठक राखी विभागले औषधिको मूल्य तोक्न सक्छ । त्यस्तो समितिको अध्यक्ष विभागका महानिर्देशक छन् । सदस्यहरूमा उपभोक्तावादी संघसंगठनका प्रतिनिधि, औषधि उत्पादक संघ, औषधि व्यवसायी संघलगायत रहने व्यवस्था छ । उनीहरूसँग संयोजन गरी विभागले वैठक नराखेकाले ऐनले निर्देशन गरेवमोजिम आवश्यक औषधिमा मूल्य निर्धारण हुन नसकेको विभागकै एक कर्मचारीले वताए ।

'मूल्य निर्धारण नहुँदा समितिका सवैलाई फाइदा छ । किन निर्धारण समितिको वैठक वोलाउँछन् र ?' ती कर्मचारीले भने, 'यसको मारमा सर्वसाधारण परेका छन् ।' नेपालले खुला अर्थतन्त्रको निति अवलम्वन गरेकाले सवै औषधिको मूल्य तोक्न नसकेको विभागका वरिष्ठ फार्मेसी अधिकृत पानवहादुर छेत्रीले दावी गरे ।

तर खुला वजारको संसारभरि नै सवैभन्दा वढी वकालत गर्ने विश्वव्यापार संगठन (डव्लूटीओ) ले मानव, पशु र वनस्पति स्वास्थ्यमा असर पर्ने विषयमा सम्वन्धित सरकारले हस्तक्षेप गर्न सक्ने प्रशस्त ठाउँ दिएको छ । 'सरकारले आवश्यक ठानेर औषधिको मूल्य तोक्दा डव्लूटीओले खुला वजारको नीति/नियम वेवास्ता गरेको मान्ने छैन,' अर्थविद् रत्नाकर अधिकारीले भने, 'औषधिमा मूल्य तोके उसको प्रावधानले केही भन्न मिल्दैन र उल्लंघन गरेको मान्ने छैन । तर व्यवसायीले आफैं प्रतिस्पर्धा गरी कम मूल्यमा गुणस्तरीय औषधि वेचिदिए राम्रो हुने थियो ।'

आवश्यक देखिएका औषधिको मूल्य विस्तारै तोकिंदै जाने विभागका महानिर्देशक राधारमण शाहले वताए । 'थप सात प्रकारका औषधिको मूल्य निर्धारणको तयारी भइरहेको छ,' उनले भने, 'आवश्यक देखिएमा अरू थप औषधिको पनि मूल्य तोक्दै जाने छौं ।'

औषधि व्यवसायी संघका अध्यक्ष वावुराम भट्टराईले खुला वजार र सरकारी मूल्य नभएका कारण व्यवसायीले फाइदा उठाउने गरेको गुनासोको प्रतिवाद गरे । 'खुला वजारका कारण सरकारले मूल्य तोक्न नसक्नु स्वाभाविक हो,' उनले भने, 'अन्य देशको भन्दा कम मूल्यमा हाम्रा उद्योगीले औषधि उत्पादन गर्ने र व्यवसायीले विक्री गर्ने गरेका छन् । मूल्यमा मनोमानी गरे भन्ने कुरा गलत हो ।'